नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद्
सानोठिमी ,भक्तपुर

## युवा प्रतिभाहरुको खोजी र प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यप्रक्रिया २०७७

स्वीकृत मिति २०७७। ०६।०५

१.प्रस्तावना:

राष्ट्रिय युवा परिषद्को आ.ब.२०७७।०७८को लागि स्वीकृत बार्षिक कार्यक्रममा व्यवस्था भएको युवाका विभिन्न प्रतिभाहरुको खोजी र प्रोत्साहन कार्यक्रम अन्तर्गत पालिका/जिल्ला, प्रदेश तथा संघीय तहमा युवा प्रतिभाहरुको प्रतियोगितात्मक प्रतिस्पर्धाका आधारमा खोजी गर्ने र उनीहरुको प्रतिभालाई प्रोत्साहन गर्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि यो कार्यप्रक्रिया निर्धारण गरिएको छ ।

२.संक्षिप्त नाम र प्रारम्भ :(१)यो कार्यप्रक्रियाको नाम" युवा प्रतिभाहरुको खोजी र प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यप्रक्रिया २०७७ " रहेको छ ।

(२) यो कार्यप्रक्रिया कार्यकारी उपाध्यक्षस्तरीय निर्णयवाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

३.परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यप्रक्रियामा,

(क) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(ख) "युवा" भन्नाले यो कार्यक्रमका सन्दर्भमा सोह्र देखि चौवीस वर्ष उमेर समूहका व्यक्ति सम्झनु पर्दछ।

(ग) "कार्यक्रम" भन्नाले १६ देखि २४ वर्ष उमेर समूहका युवाहरुलाई यस कार्यप्रक्रिया बमोजिम सञ्चालन हुने कार्यक्रमलाई सम्झनु पर्छ ।

(घ) "मूल्याङ्कन समिति" भन्नाले यो कार्यप्रक्रिया बमोजिम गठित समितिहरु सम्झनुपर्दछ ।

(च) "स्थानीय तह " भन्नाले गाउपालिका,नगरपालिका,उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्दछ ।

(छ) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय युवा परिषद् ऐनको दफा ८ बमोजिम गठित समिति सम्झनुपर्दछ ।

(ज) "कार्यकारी उपाध्यक्ष" भन्नाले राष्ट्रिय युवा परिषद् का कार्यकारी उपाध्यक्ष सम्झनुपर्दछ ।

(झ) "विज्ञ " भन्नाले सम्बन्धित विषयमा अनुभव र दक्षता भएको ब्यक्ति सम्झनुपर्दछ ।

४. विषय,समय निर्धारण र लेखनको माध्यम : यस आ.व. २०७७।७८ मा "समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचारहरु " लेखन प्रतियोगिता सञ्चालन गर्ने गरी विषय निर्धारण गरिएको छ ।लेखन प्रतियोगीताका लागि दुई घन्टा तीस मिनेटको समय रहनेछ।विचार लेखनको माध्यम नेपाली भाषा हुनेछ।

**५. प्रतियोगिताको सूचना प्रकाशन, प्रचारप्रसार** : परिषदबाट प्रतियोगीको उमेर समूह, आवश्यक कागजात र प्रक्रिया लगायतका विवरणहरू खुलाई परिषद्को वेवसाईटमा सूचना प्रकाशन गरिनेछ साथै सोका लागि ससर्त वजेट रहेका ७७ स्थानीय पालिकाहरु र प्रदेश सामाजिक विकास मन्त्रालयलाई पत्राचार गरिनेछ ।

**६. प्रतियोगिता सञ्चालन प्रक्रिया** :यो प्रतियोगिता सञ्चालन गर्नका लागि देहाय अनुसारको प्रक्रिया अपनाउनु पर्ने छ :-

(१) युवा प्रतिभाहरुको पहिचान र प्रोत्साहन शीर्षकमा ससर्त अनुदान बजेट विनियोजन भएका सातै प्रदेशका ७७ वटा पालिकाहरुलाई १६ देखि २४ वर्ष उमेरसमूहका युवाहरु वीचमा "**समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचारहरू** " लेखन प्रतियोगिता सञ्चालन लागि सम्बन्धित जिल्लालाई भूगोलको एकाइ मानी जिल्ला भरीका सबै पालिकाका युवाहरुले यो अवसर पाउने गरी २१ दिनको समय दिई निवेदन आह्वानको सूचना प्रकाशन गर्न र दर्ताको आवश्यक व्यवस्था मिलाउन पत्राचार गर्ने ।

(२) उक्त म्याद सकिएको दिन कार्यालय समय समाप्त भएपश्चात् देवनागरी लिपिको वर्णानुक्रमअनुसारको प्रतियोगीहरूको नामावली तयार गरी सम्बन्धित पालिकाले प्रतियोगीहरुको नामावली सूचना पाटीमा प्रकाशन गर्ने। यसरी सूचना प्रकाशन गर्दा प्रतियोगिता हुने मिति,समय र स्थान समेत तोक्ने सकिनेछ ।

(३) प्रतियोगीहरुका सुझावहरुको मूल्यांकन गर्न प्रतियोगित हुने मितिको अगावै मूल्याङ्कन समिति गठन गरी तयारी कार्यक्रम सञ्चालन तथा मूल्याङ्कन प्रक्रियाका बारेमा समितिमा छलफल गर्नु पर्नेछ।

(४) नतिजा घोषणा पश्चात् पहिलो, दोस्रो, तेस्रो स्थान हासिल गर्ने प्रतियोगीलाई यस कार्यविधिमा समावेश भएको ढाँचामा प्रमाणपत्र तयार गरी पुरस्कार र प्रमाणपत्र प्रदान गर्ने र जिल्ला स्तरमा प्रथम हुनेलाई पत्र तथा लिखित सामग्री सहित प्रदेश स्तरमा हुने कार्यक्रममा सहभागी हुन तथा प्रदेश तहमा प्रथम हुनेलाई संघीय तहको कार्यक्रममा सहभागी हुन पठाउनु पर्नेछ।

**७. मूल्याङ्कन समिति** : प्रतियोगिताको मूल्याङ्न समिति गठन र पारिश्रमिकको व्यवस्था देहाय अनुसार हुनेछ :-

(१) पालिकास्तर/जिल्लास्तरको प्रतियोगिताको मूल्याङ्कन गर्न निम्नानुसारको तीन सदस्यीय मूल्याङ्न समिति गठन गरीने छ :-

क. सम्बन्धित स्थानीय तहका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - संयोजक

ख. स्थानीय क्याम्पसका प्राध्यापक/ माध्यमिक विद्यालयका शिक्षक मध्येबाट १ जना - सदस्य

ग. स्थानीय तहले तोकेको योजना क्षेत्रको विज्ञ १ जना - सदस्य

(२) प्रदेशस्तरको प्रतियोगिताको मूल्याङ्कन गर्न निम्नानुसारको तीन सदस्यीय मूल्याङ्न समिति गठन गर्नुपर्ने छ :-

क. प्रदेश सामाजिक विकास मन्त्रालयका युवा तथा खेलकुद महाशाखा प्रमुख - संयोजक

ख. प्रदेश सामाजिक विकास मन्त्रालयले तोकेको क्याम्पसका प्राध्यापक मध्येबाट १ जना सदस्य

ग.प्रदेश सामाजिक विकास मन्त्रालयले तोकेको योजना क्षेत्रको विज्ञ १जना सदस्य

(३) संघीय स्तरको प्रतियोगिताको मूल्याङ्कन गर्न निम्नानुसारको तीन सदस्यीय मूल्याङ्न समिति गठन गर्नुपर्ने छ :-

क. राष्ट्रिय युवा परिषद कार्यकारी समिति वा कार्यालयले तोकेको विश्वविद्यालय वा प्रतिष्ठानका प्राध्यापक - संयोजक

ख. राष्ट्रिय योजना आयोगको उपसचिव स्तरको प्रतिनिधि सदस्य

ग. परिषदले तोकेको नीति योजना सम्वन्धी विज्ञ १ जना - सदस्य

(४) सबै तहका मूल्याङ्कन समितिका सदस्यहरूलाई नियमानुसारको बैठक भत्ता र तोकिएको पारिश्रमिक उपलब्ध गराइने छ ।

८. **प्रतियोगिताको मूल्याङ्कन प्रक्रिया** : पालिका/जिल्ला, प्रदेश र संघीय तहमा हुने प्रतियोगीको मूल्याङ्कन गर्न देहाय अनुसार प्रक्रिया अपनाउनु पर्ने छ :-

१. मूल्याङ्कनका आधार र पूर्णाङ्क देहाय अनुसार हुनेछन् ।

| | मूल्याङ्कनका आधारहरू | पूर्णाङ्क |
|---|---|---|
| क. | विचारले समेटिएको क्षेत्र | १० |
| ख. | विचारको नयाँपन तथा मैलिकता | १० |
| ग. | विचारको कार्यान्वयन हुन सक्ने अवस्था | १० |
| घ. | विचारको कार्यान्वयनका लागि लाग्ने समय | ५ |
| ङ. | विचारहरुले उद्यशिलता र रोजगारीमा पार्ने प्रभाव | १० |
| च. | विचारहरुले गरिवी न्युनिकरण तथा दिगो विकास लक्ष्यमा पुर्याउन सक्ने योगदान | १० |
| छ. | विचारको स्थानीय तथा राष्ट्रिय महत्व | २० |
| ज. | विचारहरुको औचित्य | १० |
| झ. | समृद्ध नेपाल निर्माणमा प्राप्त विचारले पुर्याउने योगदान | १० |
| ञ. | विचारको संख्या | ५ |
| | **जम्मा** | १०० |

(२) मुल्याङ्कनका आधार सम्वन्धमा  थप स्पष्टता

क. समेटीएको क्षेत्रहरुमा: कृषि, पर्यटन,वन,जडिवुटी, विज्ञान, सुचना तथा सञ्चार, प्रविधि,उर्जा, गुणस्तरीय तथा व्यावसायिक शिक्षा, रोजगारी, उद्धमशीलता र सीप विकास, स्वास्थ्य तथा सामाजिक सुरक्षा, युवा परिचालन सहभागिता र नेतृत्व विकास, खेल तथा मनोरञ्जन,विविध

ख. प्राप्त विचारहरुले नेपाली मौलिकता र नयाँपन कति बोकेको छ सो आधारमा मापदण्ड निर्धारण गरी मूल्यांकन गर्ने ।

ग. प्राप्त विचारहरु कार्यान्वयन योग्य भए नभएको र भएमा कतिहदसम्म भएको सोका आधारमा मापदण्ड निर्धारण गरी मूल्यांकन गर्ने ।

घ. १ वर्ष , ३ वर्ष, ५ वर्ष र सो भन्दा बढी अवधि लाग्ने विचारहरुको आधारमा मूल्यांकन गर्ने।

ङ. प्राप्त विचारहरुले उद्धमशीलता र रोजगारीमा पार्ने प्रभावको आधारमा मापदण्ड निर्धारण गरी मूल्यांकन गर्ने।

च. प्राप्त विचारहरुले दिगो विबास लक्ष्य प्राप्तिमा पार्ने आधारमा मापदण्ड निर्धारण गरी मूल्यांकन गर्ने।

छ. प्राप्त विचारहरुको स्थानीय तथा राष्ट्रिय महत्वका आधारमा मापदण्ड निर्धारण गरी मूल्यांकन गर्ने ।

ज. प्राप्त विचारहरुको औचित्यका आधारमा मापदण्ड निर्धारण गरी मूल्यांकन गर्ने ।

झ. प्राप्त विचारहरुले राष्ट्रिय उत्पादन बढाउन र परनिर्भरता घटाउने कुरामा दिएका ठोस सुझावका आधारमा मापदण्ड निर्धारण गरी मूल्यांकन गर्ने ।

ञ. प्राप्त विचारहरुको संख्या ७० भन्दा बढी भएमा ५अंक ६० भन्दा बढी भएमा ४ अंक, ५० भन्दा बढी भएमा ३ अंक, ४० भन्दा बढी भएमा २ अंक र ३० भन्दा वढी भएमा १अंक र  सो भन्दा कम भएमा ० अंक प्रदान गर्ने ।

ट. विचारहरु प्रस्तुत गर्दा वुदाँगतरुपमा प्रस्तुत गर्नुपर्नेछ।

ठ. मुल्यांकन सम्वन्धी थप आधारहरु मुल्यांकन समिति आफैले गर्न सक्नेछ।

(३.) मुल्यांकन समिति बाहेकको व्यक्तिले लिखित पुस्तिकाहरुलाई कोड कायम गरी मूल्याकन समितिलाई उपलव्ध गराईनेछ।

(४.) मूल्यांकन समितिले मूल्यांकनलाई वस्तुनिष्ठ वनाउन माथिका आधारहरुमा आधारित रही थप विशिष्टिकरण गर्न सक्नेछ।

(५.) तीनजना मूल्याङ्कनकर्ताहरुलाई प्रतियोगीको नामावलीसहितको अलग अलग मूल्याङ्कन फाराम वितरण गरी उल्लिखित मूल्याङ्कनको आधारहरूमा स्वतन्त्र रूपमा मूल्याङ्कन गर्न लगाई समष्टिगत मूल्याङ्कन फाराममा तीनै जना मूल्याङ्कनकर्ताको अङ्क जोड जम्मा गरेर दस्तखत गरी नतिजा घोषणा गर्नुपर्ने ।

(६.) मूल्याङ्कर्ताले गरेको मूल्याङ्कन अन्तिम हुने छ, यसउपर कुनै पुनरावेदन हुने छैन ।

(७.) यस कार्यविधिमा उल्लेख नभएका मूल्याङ्कनसम्बन्धी अन्य प्रक्रिया मूल्याङ्कन समितिले व्यवस्थित गर्न सक्ने छ।

९. **प्रतियोगिताको पुरस्कार तथा सम्मान** : प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र सान्त्वना स्थान हासिल गर्ने उत्कृष्ट युवालाई प्रतियोगीको नाम, स्थायी बसोबास रहेको स्थानीय तहको नाम, वडा र जिल्ला खुलेको प्रमाण पत्र सहित तपसिल अनुसारको नगद रकम प्रोत्साहनस्वरूप प्रदान गरिने छ ।साथै सहभागीहरुलाइ सहभागिताको प्रमाण पत्र उपलब्ध गराइनेछ ।

(१) पालिका/ जिल्लास्तरीय प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र सान्त्वना स्थान हासिल गर्ने युवालाई पालिकाले प्रमाणपत्र र नगद पुरस्कार दिनुपर्ने छ ।

(२) प्रदेशस्तरीय प्रतियोगितामा उत्कृष्टता हासिल गर्ने प्रतियोगीलाई देहाय अनुसारको नगद पुरस्कार उपलब्ध गराईनेछ ।

| | |
|---|---|
| क. पहिलो स्थान हासिल गर्ने एकजनालाई | रु.१५,०००। |
| ख. दोस्रो स्थान हासिल गर्ने एकजनालाई | रु.१०,०००। |
| ग. तेस्रो स्थान हासिल गर्ने एकजनालाई | रु.६,०००। |
| घ. स्तान्त्वना स्थान हासिल गर्ने २ जना लाई जनही | रू. ३,०००। |

(३) संघीय स्तरको प्रतियोगितामा उत्कृष्टता हासिल गर्ने प्रतियोगीलाई देहाय अनुसारको नगद पुरस्कार उपलब्ध गराई भर्पाइसमेत गराउनुपर्ने छ :-

| | |
|---|---|
| क. पहिलो स्थान हासिल गर्ने एकजनालाई | रु.३०,०००। |
| ख. दोस्रो स्थान हासिल गर्ने एकजनालाई | रु.२०,०००। |
| ग. तेस्रो स्थान हासिल गर्ने एकजनालाई | रु.१५,०००। |
| घ. सान्त्वना स्थान हासिल गर्ने दुई जनालाई जनही | रु. ५,०००। |

१०.**पालिका /जिल्ला स्तरीय प्रतियोगिताको खर्च व्यवस्थापन** : पालिका /जिल्ला स्तरमा यो कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न उक्त पालिकाहरुलाई शसर्त अनुदान स्वरुप युवा प्रतिभाको पहिचान तथा प्रोत्साहन कार्यक्रम शीर्षकमा विनियोजन भएको रकमबाट कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

११.**प्रदेश स्तरीय प्रतियोगिताको खर्च व्यवस्थापन** : प्रदेशस्तरमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न प्रदेशहरुलाई शसर्त अनुदान स्वरुप युवा प्रतिभाको पहिचान तथा प्रोत्साहन कार्यक्रम शीर्षकमा विनियोजन भएको रकमवाट कार्यक्रमको वैठक भत्ता, खाजा ,कार्यक्रम स्थल, स्टेशनरी,प्रमाणपत्र लगायतका स्थानीय व्यवस्थापन गर्नु पर्नेछ ।

१२. **प्रतियोगिताको प्रतिवेदन** : जिल्ला तथा प्रदेश तहमा प्रतियोगिता समापन भएपछि प्रतियोगीहरुको विवरण लगायतका कुराहरू उल्लेख गरी प्रतिवेदनको प्रमाणित कपी कार्यक्रम सम्पन्न भएको ७ दिन भित्रमा **nationalyouthcouncil32@gmail.com** मा पठाउने व्यवस्था गर्नुपर्नेछ ।

**१२. स्थानीय तह /पालिका तथा प्रदेश तहको भुमिका र जिम्मेवारी :** प्रतियोगिता सञ्चालन सम्बन्धमा स्थानीय तह तथा प्रदेश तहका कार्य जिम्मेवारीहरु निम्नानुसार हुनेछन् :-

(१) जिल्लामा पहिलो हुने एकजना प्रतियोगीलाई प्रदेशस्तरमा निर्धारित मितिमा आयोजना हुने प्रतियोगितामा समयमै सहभागी हुने गरी प्रतियोगीले उक्त प्रतियोगितामा प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि सहित उक्त कार्यक्रममा सहभागीता सम्वन्धी पत्र दिई पठाउनु पर्नेछ।

(२) पालिकाहरुले प्रतियोगितामा सहभागिहरुको लिखित विचारहरुको प्रमाणित प्रतिलिपि परिषद्लाई उपलव्ध गराउनुपर्नेछ।

(३) जिल्ला स्तरका प्रतियोगिताहरु प्रदेश स्तरमा सञ्चालन हुने कार्यक्रम अगाबै सम्पन्न गर्न गराउन आवश्यक समन्वय प्रदेश सामाजिक विकास मन्त्रालयले गर्नुपर्नेछ ।

(४) प्रदेश स्तरको कार्यक्रमको मिति,समय र स्थान निर्धारण परिषदसँगको समन्वयमा परिषदले दिएको समय सीमा भित्रै सम्पन्न गर्ने गरी प्रदेश सामाजिक विकास मन्त्रालयले गर्नेछ।

(५) प्रदेश स्तरको कार्यक्रममा अतिथि तथा पत्रकार आमन्त्रण,कार्यक्रम स्थान निर्धारण,मूल्यांकन समिति गठन तथा बैठक र पारिश्रमिक भुक्तानी प्रदेश सामाजिक विकास मन्त्रालयले गर्नेछ।

**१३. प्रदेशस्तरीय कार्यक्रमको सहजीकरण तथा समन्वय :** प्रदेशस्तरमा आयोजना हुने प्रतियोगिताको सहजीकरण तथा समन्वयका लागि राष्ट्रिय युवा परिषद्ले देहाय अनुसारको व्यवस्था गर्ने छ :-

(१) प्रदेशस्तरमा हुने प्रतियोगिताको सहजीकरण तथा समन्वयका लागि परिषद्ले संयोजक तथा अन्य कर्मचारी खटाउनेछ।

(२) प्रदेश सामाजिक विकास मन्त्रालयले प्रदेश तहको कार्यक्रममा पहिलो स्थान हासिल गर्ने युवालाई संघीय तहको कार्यक्रममा भाग लिने पत्र उपलब्ध गराउने।

(३) प्रदेश स्तरीय कार्यक्रमको परिषद्को तर्फवाट गर्नुपर्ने सहजीकरण तथा समन्वयका समन्वयको सम्पूर्ण जिम्मेवारी मुख्य रुपमा संयोजकको हुनेछ।

(४) कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदन पेश गर्ने तथा नियमानुसार फर्छ्यौट लिने ।

**१४. प्रतियोगितामा भाग लिने प्रतियोगीहरुले पाउने सुविधाहरु :**

(१) संघीय स्तरमा सञ्चालन हुने कार्यक्रममा पालिकावाट काठमाडौ सम्म जाँदा आउँदाको ३.२५ दिनको प्रतिदिन रु.१,२००/- का दरले दैनिकभत्ता र नियमानुसारको बस भाडा परिषदले उपलव्ध गराईनेछ।

(२) प्रदेश स्तरमा सञ्चालन हुने कार्यक्रममा पालिका देखि प्रदेश राजधानी रहेको स्थान सम्मको नियमानुसारको दोहोरो बस /माईक्रो वस भाडा र २.२५ दिनको प्रतिदिन रु.१,२००/-का दरले दैनिकभत्ता उपलव्ध गराईने छ।

**१५.संघीय तहको प्रतियोगिता कार्यक्रमको व्यवस्थापन सहजीकरण :**

(१)संघीय तहको कार्यक्रम सञ्चालनको लागि परिषद्ले सम्बन्धित शाखा प्रमुखको संयोजकत्वमा एक ३ सदस्यीय समिति गठन गरी कामको जिम्मा दिनेछ ।

(२) संघीय तहको कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी मुख्य रुपमा संयोजकको हुनेछ ।

(३) प्रतियोगितामा पेश भएका विचारहरु समेटेर परिषद्ले युवाका विचारहरुको पुस्तिका प्रकाशन गर्न सक्नेछ।

**१६.आर्थिक व्ववस्थापन :**

(१) यो कार्यक्रम नियमित तालीम,गोष्ठी ,कार्यशाला सञ्चालन तथा व्ववस्थापन भन्दा फरक प्रकृतिको भएकोले स्वीकृत नम्सका साथै नम्समा स्पष्ट उल्लेख नभएका विषयहरुमा आवश्यकता र औचित्यको आधारमा कार्यकारी उपाध्यक्ष स्तरको निर्णय बमोजिम खर्च गरी कार्यक्रम सम्पन्न गर्ने ।

**१७.फाराम तथा प्रमाण पत्रको नमूना :**

(१) यो कार्यक्रम सञ्चालनको क्रममा प्रयोग गरिने फाराम तथा प्रमाण पत्रहरुको नमूना अनुसूचिमा राखिएको छ ।

(२) सबै स्तरका प्रतियोगिताहरुमा सेही नमूना बमोजिमका फारामहरु तथा प्रमाण पत्रहरुको प्रयोग गर्नु पर्नेछ ।

**१८.संघीय तहमा छुट्टै कार्यक्रमको आयोजना गर्न सक्ने :**

(१) यस कार्यक्रमका अतिरिक्त परिषदले संघीय तहमा नेपाललाई नै भूगोलको एक एकाई मानी १६ देखि ४० वर्षका युवाहरुले प्रतिस्पर्धा गर्न पाउने गरी **सूचना प्रविधि तथा नवप्रवर्तन सँग सम्बन्धित वा अन्य फरक विधामा समेत प्रतियोगिताको** आयोजना गर्न सक्नेछ ।

(२) दफा १ बमोजिम गरिने प्रतियोगिताको सञ्चालन प्रकृया,मूल्यांकन विधि र व्यवस्थापन कार्यकारी समिति वा सो काम गर्न तोकिएको अधिकारीवाट स्वीकृत गरे बमोजिम हुनेछ ।

**१९.बाधा अडकाउ फुकाउ :** यो कार्यप्रक्रियाको कार्यान्वयनमा कुनै समस्या आएमा प्रचलित कानूनको प्रतिकुल नहुने गरी कार्यकारी समितिले बाधा अडकाउ फुकाउन सक्नेछ ।

**अनुसूची १**

**प्रतियोगितामा सहभागी हुनका लागि दिने निवेदनको ढाँचा**

मिति :- २०७७/ /......

श्री महानगर,उपमहानगर,नगर/ गाउँ कार्यपालिकाको कार्यालय,

................. ।

विषय :- प्रतियोगिता सहभागी हुन पाऊँ ।

उपर्युक्त सम्बन्धमा तहाँ परिषद्ले प्रकाशन गरेको मिति २०७७/ /... गते प्रकाशित सूचनामा उल्लेख भएको **समृद्ध राष्ट्र निर्माणका लागि युवाका बिचारहरु " लेखन** प्रतियोगितामा सहभागी हुनका लागि तपसिल अनुसारको विवरण तथा कागजातहरू संलग्न गरी यो निवेदन पेश गर्दछु ।

निवेदनसाथ पेश गरेका कागजातहरू :-

क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ख. जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नेपाली नागरिकता प्राप्त नभएको अवस्थामा मात्र)

ग. जिल्लाभित्रको पालिकामा स्थायी बसोबास भएको प्रमाणपत्र (सहभागी हुने जिल्लाबाट नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र जारी नभएको अवस्थामा मात्र) ।

जन्म मिति : वि.सं. २०...../...../..... (नागरिकता प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रमा उल्लेखित)

निवेदक

दस्तखत : .....................

नाम, थर : ...........................

निवेदकको ठेगाना :-

स्थायी : जिल्ला ................., गा.पा./नगरपालिका ..............., वडा नं ...., टोल ..................

अस्थायी : जिल्ला .............., गा.पा./नगरपालिका .............., वडा नं ......., टोल .................

सम्पर्क : फोन/मोबाइल नं. : .............................. इमेल : .........................................

१. प्रतियोगिताका प्रतियोगीहरूको पालिका/ जिल्लामा मूल्याङ्कनका लागि प्रयोग गर्ने फारामहरू

## .........महानगर,उपमहानगर,नगर/गाँउ कार्यपालिकाको कार्यालय, ........

.........................

जिल्ला स्तरीय युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम

**समृद्ध राष्ट्र निर्माणका लागि युवाका बिचार लेखन प्रतियोगिता**

## मूल्याङ्कन फाराम

| क्र.सं. | प्रतियोगीको नाम, थर | प्रासाङ्क | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | जम्मा(१००) | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

.............................

मूल्याङ्कनकर्ताको दस्तखत

नाम :- ................................

कोड :- क/ख/ग

मिति :- २०७७/ /

# महानगर,उपमहानगर,नगर/गाँउ कार्यपालिकाको कार्यालय, ........

........................

पालिका/जिल्ला स्तरीय युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम
"समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचार लेखन" प्रतियोगिता

## एकीकृत मूल्याङ्कन फाराम

| क्र.सं. | प्रतियोगीको नाम, थर | प्राप्ताङ्क | | | | | नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्राप्ताङ्क क (१००) | प्राप्ताङ्क ख (१००) | प्राप्ताङ्क ग (१००) | जम्मा प्राप्ताङ्क (३००) | औषत प्राप्ताङ्क (१००) | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| | | | | | | | | |

............................
मूल्याङ्कनकर्ताको दस्तखत
नाम :- ............................
कोड :-

............................
मूल्याङ्कनकर्ताको दस्तखत
नाम :- ..........................
कोड :-

............................
मूल्याङ्कनकर्ताको दस्तखत
नाम :- ...........................
कोड :-

मिति :- २०७७/ /

## २. प्रतियोगिताका प्रतियोगीहरूको प्रदेशस्तरमा मूल्याङ्कनका लागि प्रयोग गर्ने फारामहरू

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

................ प्रदेश..........

.......................

प्रदेशस्तरीय युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम

प्रदेश नं. ....... वा प्रदेशको नाम :-

समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचार लेखन प्रतियोगिता

मूल्यांकन फाराम

| क.सं. | प्रतियोगीको नाम, थर | प्राप्ताङ्क | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | जम्मा(१००) | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

.............................
मूल्याङ्कनकर्ताको दस्तखत
नाम :- ...............................
कोड :- / /
मिति :- २०७७/ /

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
................ प्रदेश..........
.....................

प्रदेशस्तरीय युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम
समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचार लेखन" प्रतियोगिता

## एकीकृत मूल्याङ्कन फाराम

| क्र.सं. | प्रतियोगीको नाम, थर | प्राप्ताङ्क | | | | | नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्राप्ताङ्क क (१००) | प्राप्ताङ्क ख (१००) | प्राप्ताङ्क ग (१००) | जम्मा प्राप्ताङ्क (३००) | औषत प्राप्ताङ्क (१००) | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| | | | | | | | | |

............................
मूल्याङ्कनकर्ताको दस्तखत
नाम :- ............................
कोड :-

............................
मूल्याङ्कनकर्ताको दस्तखत
नाम :- ..........................
कोड :-

............................
मूल्याङ्कनकर्ताको दस्तखत
नाम :- ..........................
कोड :-

मिति :- २०७७/ /

## ३. प्रतियोगिताको संघीय स्तरीय मूल्याङ्कनका लागि प्रयोग गर्ने फारामहरू

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद्
सानोठिमी ,भक्तपुर

**संघीय स्तरमा युवा प्रतिभा पहिचान (Youth Talent Hunt) कार्यक्रम**
**समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचार लेखन" प्रतियोगिता**

| क.सं. | प्रतियोगीको नाम, थर | प्राप्ताङ्क | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | जम्मा(१००) | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

............................
मूल्याङ्कनकर्ताको दस्तखत
नाम :- ................................
कोड :- / /
मिति :- २०७७/ /

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद्

सानोठिमी , भक्तपुर

**संघीय स्तरमा युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम**

**समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचार लेखन" प्रतियोगिता**

## एकीकृत मूल्याङ्कन फाराम

| क.सं. | प्रतियोगीको नाम, थर | प्राप्ताङ्क | | | | | नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्राप्ताङ्क क (१००) | प्राप्ताङ्क ख (१००) | प्राप्ताङ्क ग (१००) | जम्मा प्राप्ताङ्क (३००) | औषत प्राप्ताङ्क (१००) | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| | | | | | | | | |

............................
मूल्याङ्कनकर्ताको दस्तखत
नाम :- ............................
कोड :-
मिति :- २०७७/ /

............................
मूल्याङ्कनकर्ताको दस्तखत
नाम :- ..........................
कोड :-

............................
मूल्याङ्कनकर्ताको दस्तखत
नाम :- ..........................
कोड :-

..........................पालिका
गाउँ/नगर कार्यपालिकाको कार्यालय
.............. प्रदेश ...............
..........................

# प्रमाण-पत्र

श्री ..................,

..............., .................. ।

राष्ट्रिय युवा परिषद् र .............पालिकाको संयुक्त आयोजनामा सञ्चालित "समृद्ध राष्ट्र निर्माणका लागि युवाका बिचार " लेखन प्रतियोगिता"अन्तर्गत जिल्ला स्तरको प्रतियोगितामा मा सहभागी भई ............ स्थान हासिल गर्न सफल हुनु भएकाले यहाँको प्रतिभाको उच्च मूल्याङ्कन गर्दै नगद रु........./- (...........रुपैयाँ) सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।पुरस्कृत हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै भविष्यमा नेपाल र नेपाली युवाको समृद्धिमा यहाँको उल्लेखनीय योगदानको अपेक्षा सहित निरन्तर प्रगतिको कामना गर्दछौं ।

| | | |
|---|---|---|
| .............................. | .............................. | .............................. |
| .................................. | ........................................... | .............................. |
| संयोजक | प्रमुख/अध्यक्ष | प्रमुख अतिथि |

मिति :- २०७७/ /

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

.................

# प्रमाण-पत्र

श्री ..................,

..............., .................. ।

राष्ट्रिय युवा परिषद् र सामाजिक विकास मन्त्रालय..........प्रदेशद्वारा संयुक्त रुपमा आयोजित **"समृद्ध राष्ट्र निर्माणका लागि युवाका बिचार " लेखन प्रतियोगिता"** अन्तर्गत .................... प्रदेश नं. ....... को **प्रदेशस्तरीय** प्रतियोगितामा सहभागी भई **............** स्थान हासिल गर्न सफल हुनु भएकाले यहाँको प्रतिभाको उच्च कदर गर्दै नगद रु........../- (........... रुपैयाँ) सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।पुरस्कृत हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै नेपाल र नेपाली युवाको समृद्धिका लागि यहाँको थप योगदानको अपेक्षा सहित निरन्तर प्रगतिको कामना गर्दछौं ।

| | | |
|---|---|---|
| .............................. | .............................. | .............................. |
| .............................. | .............................. | .............................. |
| महाशाखा प्रमुख | कार्यक्रम सहजीकरण संयोजक | प्रमुख अतिथि |
| युवा तथा खेलकुद महाशाखा | उ.स./शा.अ. | |
| सामाजिक विकास मन्त्रालय | राष्ट्रिय युवा परिषद | |

मिति :- २०७७/ /

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद्

## सानोठिमी,भक्तपुर

प्रमाण-पत्र

**श्री ..................,**

.............., .................. ।

राष्ट्रिय युवा परिषद्द्वारा आयोजित **"समृद्ध राष्ट्र निर्माणका लागि युवाका बिचार " लेखन** प्रतियोगिता" अन्तर्गत संघीय स्तरको **प्रतियोगिता**मा सहभागी भई ............ स्थान हासिल गर्न सफल हुनु भएकाले यहाँको प्रतिभाको उच्च कदर गर्दै नगद रु......./- (........... रुपैयाँ) सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।पुरस्कृत हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै नेपाल र नेपाली युवाको समृद्धिका लागि भविष्यमा यहाँको उल्लेखनीय योगदानको अपेक्षा सहित निरन्तर प्रगतिको कामना गर्दछौं ।

| | | | |
|---|---|---|---|
| ............................ | ............................ | ............................ | .......................... |
| | | माधवप्रसाद ढुङ्गेल | ............................ |
| शाखा अधिकृत/उपसचिव | प्रशासकीय प्रमुख | कार्यकारी उपाध्यक्ष | प्रमुख अतिथि |

योजना तथा वैदेशिक समन्वय शाखा

मिति :- २०७७/ /